आज मिति २०७६ साल चैत्र महिनाको ११ गते मंगलवार दिनको १२ : ०० बजे मिथिला नगरपालिकाको नगर प्रमुख श्री हरि नारायण महतो ज्यूको अध्यक्षतामा निम्न अनुसार उप-प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी नेपालको संविधानको धारा २१४ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १७ भित्र रही तपशिल अनुसारको प्रस्तावहरुमाथि छलफल गरी निर्णय गरियो ।

उपस्थिती

| क्र.स. | पद | नाम/थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | हरि नारायण महतो | |
| २ | नगर उप-प्रमुख | तारा कुमारी बस्नेत | |
| ३ | वडा अध्यक्ष (१) | लक्ष्मी महतो | |
| ४ | वडा अध्यक्ष (२) | विहारी महतो | |
| ५ | वडा अध्यक्ष (३) | राम एकवाल महतो | |
| ६ | वडा अध्यक्ष (४) | विष्णुहरी खदाल | |
| ७ | वडा अध्यक्ष (५) | श्यामबाबु यादव | |
| ८ | वडा अध्यक्ष (६) | भक्त बहादुर बलमपाकी | |
| ९ | वडा अध्यक्ष (७) | युवराज उप्रेती | |
| १० | वडा अध्यक्ष (८) | देवनारायण महतो | |
| ११ | वडा अध्यक्ष (९) | दिपकजंग थापा | |
| १२ | वडा अध्यक्ष (१०) | सविन विक्रम थापा | |
| १३ | वडा अध्यक्ष (११) | बेद बहादुर कार्की | |
| १४ | कार्यपालिका सदस्य | जहरी देवी महतो | |
| १५ | " | ठेट कुमारी दाहाल | |
| १६ | " | रेणु हेन्जन | |
| १७ | " | सीता भित्रीकोटी | |
| १८ | " | अनिता परियार | |
| १९ | " | राजदेव ठाकुर | |
| २० | " | गुलाव ठाकुर | |
| २१ | " | देवी बहादुर तोलागें | |
| २२ | प्रमुख प्रशासकीय अधिकृत | रचिन्द्र डङ्गोल | |

## मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

मिति २०७६।१२।११

**बैठकका प्रस्तावहरु :**

प्रस्ताव नं.१) हाल विश्वभर COVID-9 फैलिरहेको अवस्थामा यसको संक्रमण रोकथान गर्ने उद्धेश्यले यस न.पा.को जिम्मेवारीमा पर्ने अति अवश्यक क्रियाकलापहरु यथाशिघ्र कार्यान्वयन गर्ने सम्बन्धमा ।

**बैठकका निर्णयहरु**

निर्णय नं.१) प्रस्ताव नं.१ मा छलफल गर्दा हाल विश्वभर COVID-19 फैलिरहेको अवस्थामा यसको संक्रमण रोकथान गर्न देहाय बमोजिमका कार्यहरु गर्ने निर्णय पारित गरियो ।

१) नेपाल सरकारले देशभरी सहज आवागमनमा निषेधाज्ञा जारी गरेको अवस्थामा स्थास्थ्य सेवा सहज रुपमा प्रदान गर्न अति आवश्यक भएको हुंदा यस न.पा. भित्रका ७ वटै स्वास्थ्य केन्द्रका कर्मचारीहरुलाई आ-आफ्नो स्वास्थ्य सुरक्षामा सजगता अपनाई नियमित रुपमा कार्यालयमा उपस्थित हुन अनुरोध गर्ने ।

२) यस न.पा क्षेत्र अन्तर्गत विदेशी मुलुकहरुमा विभिन्न उद्देश्यका लागि गई हाल घर फर्कि आइ बसेका व्यक्तिहरुको विवरण प्राप्त गर्ने र सम्बन्धित निकायमा जानकारी गराउने ।

३) यस न.पा.को लालगढ अस्पतालमा केही बेडहरु क्वाराइटाइनको लागि व्यवस्था गर्ने ।

४) COVID-19 फैलिरहेको अवस्थामा यसको संक्रमण रोकथान गर्न यस न.पा. क्षेत्र भित्र जनचेतना मुलक पम्पलेट वितरण गर्ने, माइकिङ्ग गर्ने, एफ एम प्रसारण गर्ने, बजार बन्द गर्न आव्हान गर्ने, सार्वजनिक स्थलहरुमा क्लोरिन र ब्लीचिङ्ग पाउडर लगायतका डिसइन्फेक्सन नियमित छर्ने व्यवस्था गर्ने ।

५) यस न.पा.भित्रको प्रत्येक वडाहरुमा मास्क तथा साबुनहहरु वितरण गर्ने । लामो अवधिसम्म पनि लकडाउनको अवस्था कायम रहेमा यस क्षेत्रका विपन्न परिवारहरुलाई खाद्यान्न राहत वितरण गर्न सम्बन्धित वडा समतिहरु मार्फत विपन्न परिवारहरुको लगत संकलन गरि सोही बमोजिम राहत उपलब्ध गराउन आवश्यक व्यवस्था गर्ने ।

Scanned by TapScanner